नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(.............................................शाखा)

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय सिंहदरबार, काठमाडौं

पत्र संख्या :

चलानी नं. :

सिंहदरबार, काठमाडौं

नेपाल।

## प्रेस विज्ञप्ति

माननीय मन्त्री श्री बिराज भक्त श्रेष्ठज्यूको अध्यक्षतामा मिति २०८० फागुन २९ गते युवा तथा खेलकुद मन्त्रालय सिंहदरबारमा युवा तथा खेलकुद मन्त्रालय र अन्तर्गत निकायहरुको चालु आर्थिक बर्ष २०८०/८१ को दोश्रो त्रैमासिक एवम् अर्धवार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भएको छ। प्रस्तुत कार्यक्रममा युवा तथा खेलकुद मन्त्रालयका सचिवज्यू, अन्तर्गत निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरु, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयका प्रतिनिधिज्यूहरुको सहभागिता रहेको थियो।

उक्त बैठकमा बजेट तथा कार्यक्रमको प्रगति युवा तथा खेलकुद तर्फका कार्यक्रमको उपलब्धि, कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरु, बेरुजु फछ्यौटको अवस्था लगायत विकास आयोजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय विकास समस्या समाधान समितिले लिनुपर्ने नीतिगत निर्णयहरु सम्बन्धमा समग्र प्रस्तुत गरिएको थियो। बैठकमा प्रस्तुत बिषयवस्तुहरुको सम्बन्धमा मन्त्रालयका सचिवज्यू, अन्तर्गत निकायका प्रमुख एवं प्रतिनिधिहरुज्यू, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधिज्यूहरुले आ-आफ्नो धारणा राख्नु भएको थियो। कार्यक्रमको प्रस्तुती एवं छलफलपश्चात बैठकको समापनका क्रममा माननीय युवा तथा खेलकुद मन्त्री श्री बिराज भक्त श्रेष्ठज्यूले मन्त्रालय र अन्तर्गतका निकायहरुले योजना तथा कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्दा राजनीतिक, आर्थिक, सामाजिक, प्राविधिक, कानुनी र वातावरणीय पक्षको विश्लेषण गर्नुपर्ने बताउनु भयो।

साथै, उहाँले खेललाई वर्गीकरण गरी अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा प्रवल संभावना भएका तथा सहासिक खेलहरुलाई बिशेष प्राथमिकता दिने र हाल युवाहरुमा देखिको मनोवैज्ञानिक एवं संवेगात्मक समस्याहरुलाई समेत आगामी योजना तथा कार्यक्रमले समेट्नुपर्ने बताउदै मन्त्रालय र अन्तर्गत सबै निकायहरुले लक्ष्य अनुसार प्रगति हासिल गर्न समायसारिणी तालिका सहितको कार्ययोजना बनाई समन्वयात्मकरुपमा काम गर्न निर्देशन दिनुभयो।

मिति २०८० फागुन ३० गते बुधवार

ने.सं. ११४४ चिल्लाथ्व ३ बुधवार

११।३०

शिव प्रसाद रेग्मी

प्रवक्ता